# "व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६"

**प्रस्तावनाः** कर्णाली प्रदेशमा व्यवसायिक कृषकहरुलाई व्याज अनुदान कार्यक्रम सञ्चालन गरी व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसाय विकास मार्फत कृषकहरुको रोजगारीमा वृद्धि गर्दै उनीहरुको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले "व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६" बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**.(१) यस कार्यविधिको नाम **"व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कम्पनी" भन्नाले कम्पनी ऐन २०६३ बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ ।

ख) "कार्यक्रम" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यवसायिक कृषिका लागि व्याज अनुदान कार्यक्रमलाई सम्झनुपर्छ।

ग) "कार्यालय" भन्नाले मन्त्रालय वा मन्त्रालय अन्तर्गतका आर्थिक सहयोग प्रवाह गर्ने निर्देशनालय, कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशुसेवा कार्यालय समेतलाई सम्झनुपर्छ।

घ) "कृषक" भन्नाले यस कार्यविधि वमोजिम व्याज अनुदानका लागि योग्य व्यवसायिक कृषकलाई सम्झनुपर्छ।

ङ) "निवेदक वा ऋणी" भन्नाले अनुसूची १ मा उल्लेखित व्यवसाय सञ्चालन गरिरहेका वा गर्ने व्यक्ति समूह, संस्था वा कम्पनी सम्झनु पर्छ ।

च) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ ।

छ) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरिएको कार्यलाई सम्झनु पर्छ ।

ज) "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा" भन्नाले व्यवसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छीजन्य व्यवसाय र सो सम्बन्धी उद्योग व्यवसायका लागि प्रवाह भएको वा हुने कर्जा सम्झनु पर्छ ।

झ) "व्याज अनुदान" भन्नाले यस कार्यक्रम मार्फत व्यवसायिक कृषकलाइ प्रदान गरिने व्याज अनुदान सम्झनुपर्दछ।

श्री सचिव,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत गर्ने विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/०८-२०७६/११/०४ को प्रस्ताव प्र.मं.प.बै.सं. २०/०७६ मिति २०७६/११/०५ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु ।

<u>प्रदेश सरकारको निर्णय :</u>
"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(केवल प्रसाद भण्डारी)
प्रमुख सचिव
२०७६।११।०५

ञ) "बैंक" भन्नाले मन्त्रालयबाट यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयसंग सहकार्य गर्ने नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

ट) "बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

ठ) "भण्डारण" भन्नाले स्वदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिबुटी, दुग्ध पदार्थ तथा माछामासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले स्वदेशमा यस्ता प्राथमिक कृषि खरिद गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ।

ड) "मन्त्रालय" भन्नाले भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

ढ) "समूह" भन्नाले फरक परिवारका कम्तीमा पाँच जना सदस्य १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरु मिलेर गठन गरेको समूह सम्झनु पर्छ ।

ण) "सहुलियतपूर्ण कर्जा" भन्नाले अनुसूची-१ मा उल्लिखित व्यवसायमा बैंकबाट प्रवाह भएको वा हुने कर्जामा प्रदेश सरकारले यस कार्यविधि बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनु पर्छ ।

त) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापित फर्म,कृषक समूह,सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यमको रुपमा दर्ता भएको व्यवसाय सम्झनु पर्छ ।

थ) "शाखा" भन्नाले वैंकको शाखा कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद-२

### कार्यक्रम संचालन

३. वैंक मार्फत व्याज अनुदान कार्यक्रम संचालन गरिने: (१) यस कार्यविधि अनुसारको व्याज अनुदान कार्यक्रम कर्णाली प्रदेशमा कार्यरत वैंक मार्फत संचालन गरिनेछ ।

(२) दफा (१) अनुसारको व्याज अनुदान कार्यक्रम संचालनका लागि नेपाल राष्ट्र वैंक, कर्णाली प्रदेशले आवश्यक समन्वय तथा सहजिकरण गर्नेछ ।

## परिच्छेद ३

### कर्जाका प्रकार, सीमा, भुक्तानी, अवधि, ब्याजदर तथा शर्त

४. कर्जाका प्रकार र सीमाः (१) यस कार्यविधि बमोजिम लक्षित ऋणीलाई ब्याज अनुदान प्राप्त हुने गरी बैंकले सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेछन् र यस्ता कर्जाको प्रति ऋणी सीमा व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा एक करोड रुपैयाँसम्म हुनेछ।

५. कर्जा भुक्तानी तथा व्याज अनुदान प्राप्त गर्ने अवधिः (१) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिइने कर्जाको अवधि बढीमा पाँच वर्ष सम्म हुनेछ । साथै कर्जाको भुक्तानी अवधि व्यवसायको प्रकृति अनुसार बैंकले तोक्न सक्नेछ ।

(२) यस्तो कर्जाको भुक्तानी प्रयोजनका लागि बैंकले कर्जाको प्रकार, रकम, उद्देश्य व्यवसायको प्रकृति, प्रतिफलको अवधि र जोखिमको स्तर लगायतका आधारमा किस्ता भुक्तानी अवधि निर्धारण गर्न सक्नेछ ।

६. <u>ब्याज दर एवम् शर्तः</u> (१) मन्त्रालयले ब्याज अनुदान उपलब्ध गराउने कर्जामा बैंकले आफ्नो आधार दरमा दुई प्रतिशत विन्दु भन्दा बढी नहुने गरी ब्याज दर कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर्जाको ब्याज, कर्जा सूचना शुल्क, विमा प्रिमियम बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाइने छैन ।

## परिच्छेद ४

### <u>धितो, कर्जा, सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था</u>

७. <u>कर्जा सुरक्षण तथा धितो सम्बन्धी व्यवस्थाः</u> बैंकको नियमानुसार धितो लिइ व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्न सक्नेछ ।

८. <u>व्यवसायको बीमा सम्बन्धी व्यवस्थाः</u>(१) बैंकले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा परियोजनाको बीमा गर्नु पर्नेछ । नेपाल सरकारले उपलव्ध गराउने बाहेकको विमा शुल्क सम्बन्धित ऋणीले व्यहोर्नुपर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा बैंकले प्रचलित कानून, नेपाल राष्ट्र बैंक र बीमा समितिको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाई लागु गर्न सक्नेछ ।

९. <u>कारवाहीका लागि सिफारिस गर्न सक्नेः</u> (१) ऋणीले दफा ५ बमोजिमको अवधि भित्र कर्जा चुक्ता नगरेमा बैंकले यस कार्यविधिको परिच्छेद-१० मा उल्लेख भए बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने बैंकले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ ।

## परिच्छेद ५

### <u>कर्जाका लागि योग्यता एवं शर्त सम्बन्धी व्यवस्था</u>

१०. <u>योग्यता एवं शर्त</u>ः यस कार्यविधि बमोजिम बैंकले प्रवाह गर्ने कर्जा प्रास गर्न स्थायी लेखा नं. (प्यान) प्रमाण पत्र लिएको र कर्जा सूचना केन्द्रको कालोसूची एवं परिच्छेद-१० अनुसारको कारवाहीमा नपरेको नेपाली नागरिकले देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछः

(क) संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व रहेको ।

(ख) आवश्यकतानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्ने ।

(ग) कर्जा सूचना केन्द्रबाट साख सूचना अनिवार्य लिइ उक्त साख सूचना वैंक ग्राह्य हुनु पर्नेछ ।

(घ) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी कर्जाको लागि ऋणीको विस्तृत परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ङ) अन्य कागजातको हकमा वैंकले तोके वमोजिम हुनेछ ।

## परिच्छेद ६

## कर्जाका लागि आवश्यक कागजात, तथा कर्जा निर्णय सम्बन्धी व्यवस्था

११. आवश्यक कागजात:(१) यस कार्यविधि बमोजिम अनुदान लिन चाहने व्यक्तिले देहाय बमोजिमका कागजात सहित सम्बन्धित बैंकमा निवेदन दिनु पर्नेछ ।

(क) सम्बन्धित बैंकको विधिवत् रुपमा भरिएको कर्जा आवेदन फाराम,

(ख) प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय तथा स्थायी लेखा नं. (प्यान) प्रमाण पत्रको प्रतिलिपी,

(ग) प्रोप्राइटर वा साझेदार वा शेयरधनीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(घ) दश लाखरुपैयाँ भन्दा बढीको कर्जाको हकमा विस्तृत परियोजना प्रस्ताव,

(ङ) वैंकले तोके वमोजिम अन्य कागजातहरु

(२) उपदफा (१) बमोजिम आवश्यक सम्पूर्ण कागजात सहित कर्जा आवेदन प्राप्त भएपछि कर्जा आवेदनको अध्ययन पश्चात वैंकले अन्तिम निर्णय गर्नेछ ।

१२. कर्जा निर्णय सम्बन्धी व्यवस्था: (१) यस कार्यविधि बमोजिम अनुदान लिन चाहने व्यक्तिले आवश्यक पर्ने सम्पूर्ण कागजात सहित सम्बन्धित बैंकमा अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वैंकमा आवेदन प्राप्त भए पछि सम्बन्धित कर्जा प्रस्तावको अध्ययन एवं आवश्यकतानुसार फिल्ड भेरिफिकेसन गरी कर्जा स्वीकृत हुने वा नहुनेसम्बन्धी सिफारिस गर्ने र सोही अनुसार वैंकले निर्णय गर्नु पर्नेछ ।

(३) कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई बैंकले लिखित जानकारी दिनु पर्नेछ ।

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

## परिच्छेद ७

### ब्याज, बीमा प्रिमियम र सुरक्षण शुल्क अनुदान, शर्त तथा वितरण प्रक्रिया सम्बन्धी व्यवस्था

१३. अनुदान सुविधा तथा शर्त सम्बन्धी व्यवस्थाः (१) यस कार्यविधि बमोजिमका लक्षित ऋणीलाई बैंकले प्रवाह गर्ने कर्जाको हकमा मन्त्रालयबाट देहाय बमोजिमको अनुदान सुविधा उपलब्ध हुनेछः-

क) बैंकले दिने कर्जामा निर्धारण गरेको ब्याज दरमा मन्त्रालयबाट ७ (सात) प्रतिशत ब्याज दरले हुन आउने व्याज रकम अनुदान सुविधा उपलब्ध हुनेछ । तर संघीय सरकारबाट सोही व्यवसायको लागि व्याज अनुदान पाएका कृषकले यस कार्यविधि अनुसारको व्याज अनुदान सुविधा पाउने छैनन् ।

ख) व्यवसाय र कर्जाको सुरक्षणमा दिइने अनुदान नेपाल सरकारको स्वीकृत नियमानुसार हुनेछ र यसमा वैंकले सहजिकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ब्याज अनुदान सुविधा यो कार्यविधि लागु भएपछि वैंकबाट कर्जा लिइ कर्णाली प्रदेश भित्र व्यवसाय गर्ने ऋणीलाई मात्र उपलब्ध हुनेछ।

(३) ऋणीले पाउने ब्याज अनुदान सुविधा वैंकको नियमानुसार कर्जा सूचना शुल्क सम्बन्धित बैंक तथा बीमा प्रिमियम सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदान सुविधाका लागि योग्य मानिनेछ ।

(४) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उदेश्यका लागि मात्र कर्जा उपयोग गर्नु पर्नेछ ।

(५) सम्बन्धित बैंकले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाइएमा ब्याज अनुदान सुविधा उपलब्ध गराइने छैन।

१४. अनुदान रकमको वितरण प्रक्रियाः (१) बैंकले यस कार्यविधि बमोजिम प्रवाह गरेको कर्जाको ब्याज अनुदान प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम र यस कार्यविधि वमोजिम ऋणीले तिर्नु पर्ने व्याज रकम भुक्तानी गरेको प्रमाण सहित त्रैमासिकरुपमा अनुसूची ३ अनुसारको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) मन्त्रालयले वैंकबाट प्राप्त विवरणको आधारमा व्याज अनुदान रकम वैंकलाइ सोधभर्ना उपलव्ध गराउने छ ।

## परिच्छेद ८

### सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकार

१५. बैंकको काम, कर्तव्य र अधिकारः यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बैंकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

क) निवेदकले यस कार्यविधि बमोजिम कर्जाको लागि निवेदन दिएमा सम्बन्धित बैंकले कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने देखिएमा प्राप्त कर्जा आवेदनमाथि आवश्यक कारवाही गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिने

ख) कर्जा प्रवाह गर्न सकिने भएमा कर्जा स्वीकृति गरी सम्बन्धित कर्जा आवेदकलाई जानकारी गराउने । कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्नका लागि बैंकले तोकेको ढाँचामा ऋणीले अनुदान पाउने ब्याज रकम बाहेक अरु ब्याज रकम असुल गरेको प्रमाणसहित मन्त्रालयसँग सोधभर्ना माग गर्ने।

ग) खण्ड (क) बमोजिम ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जाको त्रैमासिक विवरण अनुसूची ४, अनुसूची ५ र अनुसूची ६ बमोजिमको ढाँचामा १५ दिनभित्र मन्त्रालयलाई उपलब्ध गराउने।

घ) कर्जाको प्रकार, उदेश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकतानुसार सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने ।

१६. <u>मन्त्रालयको काम, कर्तव्य र अधिकारः</u> यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) वैंकबाट कर्जामा प्रदान गरिने अनुदान रकम मांग भइ आएमा अनुदान रकम सोधभर्ना दिने ।

ख) यस कार्यविधि वमोजिम क्षेत्रगत तथा विषयगत कर्जा तथा व्याज अनुदानको विवरण कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयलाइ त्रैमासिकरुपमा उपलव्ध गराउने ।

ग) यो कार्यविधिको प्रभावकारी रुपले कार्यान्वयन गर्नाका लागि वैंकसंग आवश्यक समन्वय गरी संयुक्त अनुगमन गर्ने ।

१७. <u>मन्त्रालय र वैंकको संयुक्त काम, कर्तव्य र अधिकारः</u> यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालय र वैंकको संयुक्त काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) नियमित रुपमा ऋणीको व्यवसायको संयुक्त अनुगमन गर्ने ।

ख) कुनै समस्या आइ परेमा संयुक्त रुपमा समाधान गर्ने ।

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

## परिच्छेद ९
### समन्वय तथा अनुगमन

१८. समन्वय तथा अनुगमन समितिको गठनः (१) यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेशस्तरमा समन्वय तथा अनुगमन गर्ने देहाय बमोजिमको समन्वय तथा अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| क) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| ख) | राष्ट्र बैंकको प्रदेश कार्यालयको प्रमुख | सदस्य |
| ग) | अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश | सदस्य |
| घ) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश | सदस्य |
| ङ) | मन्त्रालयको योजना महाशाखा प्रमुख | सदस्यसचिव |

(२) समितिले छलफल एवं निर्णयका लागि प्रस्ताव भएका विषयवस्तुहरुको आधारमा प्रदेश सरकारका पदाधिकारी र बढीमा दुई जना विषय-विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको सचिवालय मन्त्रालयमा रहनेछ । सचिवालयले समितिले तोकेका कार्यहरु गर्नेछ ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

१९. समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने,

ख) कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक र बैंकका शाखाहरुको निरीक्षण गर्ने गराउने,

ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउन सिफारिस गर्ने,

घ) कार्यविधि तथा अनुसूचीको व्याख्या गर्ने,

ङ) कार्यविधिमा भएका व्यवस्थाहरुमा हेरफेर गर्नु परेमा पुनरावलोकनका लागि मन्त्रालयमा सिफारिस गर्ने ।

## परिच्छेद १०
### कारवाही सम्बन्धी व्यवस्था

२०. कर्जा चुक्ता नगरेमा हुने कारवाहीः (१) ऋणीले दफा ४ बमोजिम कर्जा चुक्ता नगरेमा सम्बन्धित बैंकले देहाय बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः-

क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न,

ख) ऋणीको राहदानी रोक्का राख्न,

ग) ऋणी तथा निजको एकाघरपरिवारका सदस्यहरुको नाममा रहेको कुनै चल अचल सम्पति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

घ) ऋणीको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न,

ङ) नेपाल सरकार र प्रदेश सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गर्न।

(२) कर्जा प्रवाह गर्ने बैंकले यस्ता सुविधा रोक्का गर्न सम्बन्धित निकायमा त्यस्ता ऋणीको सुविधा रोक्का राख्न अनुरोध गर्नु पर्नेछ।

## परिच्छेद ११

## विविध

२१. कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्था: (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका विषय बाहेक अन्य विषयमा प्रचलित कानून, नेपाल राष्ट्र बैंक, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनका साथै कर्णाली प्रदेश सरकारको नीति तथा कानुनको परिधि भित्र रही यस्तो कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्था एवं बीमकले स्पष्ट नीति र प्रक्रिया बनाई लागु गर्न सक्नेछ ।

२२. कर्जा लगानी सहजीकरण गरेवापत संचालन खर्च सम्बन्धि व्यवस्था: यस कार्यविधि बमोजिम बैंकले कर्जा लगानी सहजीकरण गरेबापत संचालन खर्च स्वरुप यस कार्यविधि अनुसार प्रवाह भएको कूल कर्जाको अधिकतम १ (एक) प्रतिशतका दरले मन्त्रालयले बैंकलाई त्रैमासिक रुपमा उपलब्ध गराउनेछ ।

२३. गुनासो सम्बन्धी व्यवस्था: यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा बैंक लगायत यससँग सम्बन्धित निकायहरुले कर्जा प्रवाह नगरेको, ऋणीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका यससँग सम्बन्धित गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडी बढाउने कार्य समन्वय तथा अनुगमन समितिको सचिवालयले गर्नेछ ।

२४. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

२५. फाराम तथा ढाँचा सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम ब्याज अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य सरलीकृत फाराम तथा ढाँचा नेपाल राष्ट्र बैंकसँगको समन्वयमा बैंकले तोके बमोजिम हुनेछ ।

२६. संशोधन तथा हेरफेर: (१) कर्णाली प्रदेश सरकारको सहमतिमा मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

(२) यस कार्यविधिका अनुसूची समन्वय तथा अनुगमन समितिको सिफारिसमा मन्त्रालयले संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

२७. <u>वाधा अडकाउ फुकाउः</u> (१) यस कार्यबिधिमा उल्लेख भएका बाहेक अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुने छ साथै यस कार्यबिधिको कार्यान्वयनमा केही बाधा ब्यवधान आईपरेमा वा बिवाद उत्पन्न भएमा कुनै विषयलाई थप स्पष्ट वा प्रभावकारी बनाउनुपर्ने भएमा वैंकको राय सुझाव एवं सिफारिस लिइ अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

## अनुसूची १

(दफा २ सँग सम्बन्धित)

निवेदक वा ऋणीले व्याज अनुदान प्राप्त गर्नसक्ने व्यवसायहरु

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,

२. बिजन, विरुवा उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,

३. पुष्प व्यवसाय

४. पशुपन्छी पालन,

५. अष्ट्रिच, टर्की र हाँसपालन, सोको मासु एवं अण्डाको भण्डारण, प्रशोधन तथा विक्री वितरण,

६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र विक्री वितरण,

७. दुग्ध उत्पादन, प्रशोधन र विक्री वितरण,

८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा विक्री वितरण,

९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,

१०. पशुवधशाला, वधस्थल, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन तथा विक्री वितरण,

११. प्रशोधन, भण्डारण, शित भण्डारण तथा विक्री वितरण,

१२. उखु, कफी, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र विक्री वितरण,

१३. मौरी पालन व्यवसाय,

१४. जौ, फापर, सिलाम तथा अन्य रैथाने वाली उत्पादन, प्रशोधन र विक्री वितरण,

१५. प्राङगारिक मल, जैविक मल,जैविक विषादि

१६. पशुपन्छीजन्य दाना उद्योग, चल्ला उत्पादन गर्ने ह्याचरी

१७. कपास, उन, रेसम खेती/उत्पादन, प्रशोधन र विक्री वितरण,

१८. भेडा, च्याङग्रा र चौरी लगायतबाट उनको उत्पादन, प्रशोधन र विक्री वितरण,

१९. नेपाल सरकार तथा प्रदेश सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु ।

२०. नेपाल राष्ट्र बैकले तोकेका कृषि क्षेत्रका अन्य बाली तथा बस्तहुरु

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

## अनुसूची २

(दफा १२ सँग सम्बन्धित)

**अनुदान लिन चाहने व्यक्तिले बैंकमा दिने निवेदनको ढाँचा**

मितिः २०७.. /.... /..

श्री........................................ बैंक लि.

....................................................... ।

विषयः ब्याज अनुदान सहितको ..............................कर्जा बारे ।

महाशय,

उपर्युक्त सम्बन्धमा कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको **"व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि २०७६"** बमोजिम .....................................कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म कम्पनी संस्था) ...............लाई ...........................प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवेदन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु/छौ । मैले प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु ।

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

फर्म, कम्पनी, संस्था, उद्योग भए,

नामः

छापः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

अनुसूची ३

(दफा १४ सँग सम्बन्धित)

<u>बैंकले कर्जाको व्याज अनुदान रकम प्राप्त गर्नको लागि मन्त्रालयमा दिने निवेदनको ढाँचा</u>

मितिः २०७.. /.... /..

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विषयः **"व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि २०७६"** बमोजिम प्रवाह भएका कर्जाको आ.व. ........... को ............ त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले **"व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि २०७६"** अनुरुप प्रवाह गरेको सम्पूर्ण कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा पाउने ब्याज अनुदान वापतको रकम कुल रु ...................... (अक्षरेपी ..................................) यस बैंकको खाता नं. ........................... मा जम्मा हुने गरी उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौं । साथै उपरोक्त अवधिमा सम्बन्धित ऋणहरुबाट ब्याज वापत रकम रु .......................... (अक्षरेपी .............................) असुल उपर भईसकेको व्यहोरा समेत अनुरोध छ ।

दस्तखतः
नामः
पदः

दस्तखतः
नामः
विभाग/कार्यालयः

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

अनुसूची ४

(दफा १५ सँग सम्बन्धित)

**बैंकले व्याज अनुदान सोधभर्नाका लागि मन्त्रालयमा पेश गर्ने कर्जाको त्रैमासिक विबरणको ढाँचा**

मितिः २०७.. /.... /..

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर।

विषयः ब्याजमा अनुदान प्रदान गरिएको ............... कर्जाको ............ त्रैमासको विवरण ।

महाशय,

व्यवसायिक कृषि तथा पशुपन्छी पालनव्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि २०७६ बमोजिमप्रवाह भएको ............................... कर्जाको त्रैमासको विवरण देहाय बमोजिम रहेको छ ।

ब्याज अनुदान शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु) | ब्याज अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु ...................... अक्षरेपी ............................

दस्तखतः
नामः
पदः
विभाग/कार्यालयः

दस्तखतः
नामः
पदः
विभाग/कार्यालयः

प्रमुख सचिव

## अनुसूची ५

(दफा १५ सँग सम्बन्धित)

**बैंकले मन्त्रालयमा पेश गर्ने नियमित नभएका कर्जाको त्रैमासिक विबरणको ढाँचा**

मितिः २०७.. /.... /..

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर।

विषयः ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका .............. कर्जाको ........... त्रैमासको विवरण ।

महाशय,

"व्यवसायिक कृषि तथा पशुपन्छी पालनव्यवसाय र उद्यमको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि २०७६" बमोजिम प्रवाह भई नियमित नभएका ................................ कर्जाको त्रैमासको विवरण देहाय बमोजिम रहेको छ ।

**नियमित नभएका कर्जाको विवरण**

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु) | ब्याज अनुदानको अनुमानितरकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु ...................... अक्षरेपी .............................

दस्तखतः
नामः
पदः
विभाग/कार्यालयः

दस्तखतः
नामः
पदः
विभाग/कार्यालयः
छापः

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव

## अनुसूची ६

(दफा १५ सँग सम्बन्धित)

**बैंकले मन्त्रालयमा पेश गर्ने व्याज अनुदानसम्बन्धी कर्जाको त्रैमासिक विबरणको ढाँचा**

........................ बैंक लि.

................ साल ...................... मसान्तको व्याज अनुदान कर्जाको त्रैमासको विवरण

| क्र.सं. | लक्षित समूह | अघिल्लो त्रैमाससम्मको | | यस त्रैमासमा थप लगानी | | कुल लगानी | | बक्यौता रहेको कर्जा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

नोटः यस्तो विवरण त्रैमासको अवधि समाप्त भएको १५ दिनभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

राजेन्द्र प्रसाद भारी
सचिव

प्रमुख सचिव